बागमती प्रदेश सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

धुलिखेल, काभ्रेपलाञ्चोक

# राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मितिः २०८०/०४/२१

## सूचना नं. ०२/२०८०/८१

कृषि ज्ञान केन्द्र काभ्रेको आ. व. २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार आम कृषकहरुको मनोबल उच्च राखे र कृषि पेशालाई समाजको आकर्षक, मर्यादित एवं सम्मानित पेशाको रुपमा स्थापित गर्ने उद्देश्यले काभ्रे र सिन्धुपाल्चोक जिल्लाका उत्कृष्ट, कर्मठ एवं व्यवसायिक कृषकहरुलाई प्रोत्साहन एवं सम्मान गर्नको लागि राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ (दोस्रो संशोधन २०७५) को अनुसूची १ अनुसारको न्युनतम मापदण्ड पुगेका इच्छुक कृषक महानुभावहरुले अनुसूची २ अनुसारको निवेदन र अनुसूची ३ अनुसारको फारम भरी यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८०/०५/१८) भित्र कृषि ज्ञान केन्द्र काभ्रेमा आवेदन पेश गर्नुहुन यो सार्वजनिक सूचना आव्हान गरिएको छ । साथै रित नपुगेका तथा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**पुनश्चः**

- निवेदन/आवेदन फारमको ढाँचा कृषि ज्ञान केन्द्र, धुलिखेल भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धुलिखेल र सम्बन्धित स्थानीय तहको कृषि शाखाबाट प्राप्त गर्न सकिन्छ । साथै राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ (दोश्रो संसोधन २०७५) कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवारको वेवसाइट (moald.gov.np/publication-types/karyavidhi/) तथा कृषि ज्ञान केन्द्र काभ्रेको वेभसाइट (https://kavre.akc.gov.np/ ) बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
- कृषि ज्ञान केन्द्र काभ्रे बाहेक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, काभ्रे तथा सम्बन्धित स्थानीय तहमा आवेदन दर्ता गर्न चाहनेहरुको हकमा सूचना प्रकाशित भएको मितिले २५ दिन (मिति २०८०/०५/१३) भित्र आवेदन दर्ता गर्न सकिनेछ ।

➢ थप जानकारीको लागि ०११-४९०५८९, ०११-४९०२०१ मा सम्पर्क गर्न सकिनेछ ।

२०८०/०४/२१

प्रमुख

कृषि ज्ञान केन्द्र काभ्रे

कुल प्रसाद दवाडी
अधिकृत स्तर नवौं
कार्यालय प्रमुख